# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

खण्ड २] काठमाडौं आश्विन २१ गते २००१ साल [संख्या ८

## भाग १

## सल्लाहकार सभा विघटन ऐन २००१

### प्रस्तावना

मन्त्रिमण्डलले राजीनामा पेश गरेकोले तथा अहिलेको परिस्थितिमा मेल-मिलाप कायम राखी जनताको कल्याणको निमित्त राम्ररी काम चलाउन सक्ने मन्त्रिमण्डलको निर्माण सम्भव नभएकोले श्री ५ महाराजाधिराजबाट देशको शासन केही परामर्शदाताहरूको मदतले चलाउने निर्णयको घोषणा २००६ साल श्रावण ३० गते रोज ५ मा भएकोले,

र वर्तमान परिस्थितिमा सल्लाहकार सभाको आवश्यकता नरहेकोले,

र साथै अनावश्यक खर्च हटाई किफायत गर्नपर्ने भएकोले,

र सल्लाहकार सभाका केही सदस्यहरूले काम नगरी सरकारी भत्ता खानु अनुचित ठहऱ्याई आफ्नो राजीनामा पेश गरेकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराजबाट शाही परामर्शदाताहरूको सल्लाहअनुसार यो ऐन जारी गरिबक्सेको छ ।

१   १। यो ऐनको नाम सल्लाहकार सभा विघटन ऐन २००६ रहनेछ ।

२। यो ऐन २००६ साल भाद्र १६ गते रोज ४ देखि लागू हुनेछ ।

३। यो ऐन नेपाल राज्यभर लागू हुनेछ ।

४। विशेष परिस्थिति अधिकार ऐन २००६ कायम रहेसम्म यो ऐन पनि लागू रहनेछ ।

२। नेपाल अन्तरीम शासनविधान दोस्रो संशोधन २००६ बमोजिम गठित भएको सल्लाहकार सभाको विघटन गरिएको छ ।

३। नेपाल अन्तरीम शासनविधान दोस्रो संशोधन २००६ स्थगित गरिएको छ ।

इति संवत २००६ साल भाद्र २८ गते रोज ६ शुभम्

सेक्रेटरी,

कानून तथा संसदीय प्रबन्ध विभाग.

## सूचना

श्रावण ३० गते, ०६ को दिन नारायणहिटी दरबारमा भएको श्री ५ महाराजाधिराज र शाही परामर्शदाताहरूको प्रथम बैठकले निम्नलिखित निर्णय गरेको छ ।

सरकारी आदेशविना कुनै पनि सरकारी कर्मचारीहरुले आफ्नो कार्यक्रम-अन्तर्गत कुनै प्रकारको व्यापार गर्न र आफ्नो कार्यक्षेत्रभित्र कुनै जायजाद वस्तु इत्यादि विशेष सरकारी आज्ञाबेगर खरीद बिक्री गर्न पाउनेछैनन् ।

65

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।